# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३४) काठमाडौं, फागुन २१ गते २०४१ साल (संख्या ४६


## भाग ३

श्री ५ को सरकार

### कृषि मन्त्रालयको सूचना

पशु आहारा उत्पादन विकास समिति (गठन) आदेश, २०४१

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "पशु आहारा उत्पादन विकास समिति (गठन) आदेश, २०४१" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. समिति गठन : (१) पशु आहारा उत्पादन विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिम गठित समितिमा देहायका सदस्यहरू रहने छन्:–

(क) महानिर्देशक, पशु विकास तथा पशु स्वास्थ्य विभाग – अध्यक्ष

(ख) प्रतिनिधि, अर्थ मन्त्रालय – सदस्य

(ग) प्रतिनिधि, कृषि मन्त्रालय – सदस्य

(घ) प्रतिनिधि, खाद्य अनुसन्धानशाला – सदस्य

(ङ) प्रतिनिधि, पशु विकास शाखा, खुमलटार – सदस्य

(च) प्रवन्धक, पशु आहारा उत्पादन विकास समिति – सदस्य-सचिव

६३१


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरू थप-घट वा हेरफेर गर्न सक्नेछ ।

(४) समितिको आमन्त्रणमा स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारले समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन सक्नेछ ।

३. समितिको काम, कर्तव्य र अधिकार : (१) श्री ५ को सरकारको कृषि नीतिको अधीनमा रही पशुपंछीको लागि सन्तुलित पौष्टिक आहारा उत्पादन गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित कर्तव्य पालनको लागि समितिले देहायको कार्यहरू गर्न सक्नेछ :–

(क) आहारा उत्पादन गर्न चाहिने कच्चा पदार्थ आन्तरिक बजारबाट उपलब्ध गर्ने, सञ्चय गर्ने, आयात गर्ने, संमिश्रण गर्ने,

(ख) उत्पादित आहारा बेच विखन गर्न र बिक्री बढाउन बिक्री भण्डार खोल्न, कमिशन एजेण्टको व्यवस्था गर्ने,

(ग) आहारा उत्पादन गर्न आवश्यक उपकरण तथा प्रयोगशालाको व्यवस्था गर्ने,

(घ) आहारा उद्योगको प्रवर्धनमा सहायक हुने किसिमका पुस्तकहरू प्रकाशन, प्रदर्शनी, गोष्ठी, सम्मेलन र अध्ययन भ्रमणको आयोजना गर्ने,

(ङ) आहारा उत्पादन सम्बन्धमा आवश्यक अनुसन्धान तथा अध्ययन गर्ने गराउने,

(च) निजी क्षेत्रमा स्थापित पशु आहारा उद्योगलाई प्राविधिक सल्लाह उपलब्ध गराउने,

(छ) आवश्यकतानुसार उप-समितिहरू गठन गर्ने,

(ज) आहारा उत्पादनसम्बन्धी अन्य आवश्यक कार्यहरू गर्ने ।

४. अधिकार प्रत्यायोजन : समितिले आवश्यकतानुसार आफ्नो सबै वा केही अधिकार समितिको अध्यक्ष, सदस्य-सचिव, उप-समिति वा कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

५. समितिको बैठकसम्बन्धी कार्यविधि : (१) अध्यक्षले तोकेबमोजिम समितिको बैठक बस्नेछ ।

(२) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरूले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन पाउनेछ ।

600



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

९. समितिको कोष : (१) समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछ ।

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) श्री ५ को सरकारमार्फत विदेशी सरकार वा कुनै अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट सहायतास्वरूप प्राप्त रकम,

(ग) स्वदेशी वा विदेशी वित्तीय संस्था, बैङ्क वा अन्तर्राष्ट्रिय सङ्घ वा संस्थाबाट प्राप्त ऋण रकम,

(घ) समितिले आफ्नो व्यवसायबाट आर्जन गरेको रकम,

(ङ) अन्य श्रोतबाट प्राप्त रकम ।

(२) समितिको कोषको सञ्चालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।

७. समितिको लेखा र लेखापरीक्षण : (१) समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरीकाबमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण प्रचलित कानूनबमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखतमा समितिको हिसाब किताब जाँच्न वा जचाउन सक्नेछ ।

८. नियम बनाउने अधिकार : समितिले आफ्नो कार्य सञ्चालनका लागि श्री ५ को सरकारको स्वीकृति लिएर आवश्यक नियमहरू बनाउन सक्नेछ ।

९. श्री ५ को सरकारसंग सम्पर्क : समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा कृषि मन्त्रालयमार्फत राख्नुपर्छ ।

१०. समितिको कार्यालयः समितिको प्रधान कार्यालय हेटौंडामा रहनेछ ।

११. सम्पत्ति र दायित्व हस्तान्तरण : (१) क्याटल फिड तथा कारकस युटिलाइजेशन प्लाण्टको सबै चल-अचल सम्पत्ति समितिलाई हस्तान्तरण गरिएको छ ।

(२) यो आदेश प्रारम्भ हुनुभन्दा अगाडि क्याटल फिड तथा कारकस युटिलाइजेशन प्लाण्टको नामबाट भएका काम कारवाही र ठेक्का पट्टा वा करारहरू समितिले गरेको मानिनेछ ।

आज्ञाले,
पृथुनरसिंह राणा
श्री ५ को सरकारको का.मु. सचिव



६०१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।